परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ६० पृष्ठ ४ २०८१ पौष ४ गते, बिहिबार 19-December, 2024 मूल्य रु. ५/-



9854020595
9801620595

कान्तिपुर फ्लैक्स प्रिन्ट

मेनरोड, बर्दिवास, महोत्तरी

हाम्रो सेवाहरू

- फ्लैक्स प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- 2D बोर्ड
- 3Dबोर्ड
- भिजिटिङ्ग कार्ड
- टि-सर्ट प्रिन्ट
- स्टाम्प
- कप प्रिन्ट

छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## बर्दिवास भित्र ब्यवसाय सञ्चालन गर्नेलाई नगरपालिकाको बिशेस छुट अफर




● निकेश खनाल

महोत्तरीको बर्दिवास नगर पालिकाले नगरक्षेत्र भित्र ब्यवसाय सञ्चालन गरीरहेका व्यवसायीलाई नबिकरण तथा जरीवानामा बिशेश छुट अफर सहित सहुलियतको ब्यवस्था गरेको छ । बिगत केहिबर्ष अघि बिश्वब्यापी रुपमै फैलिएको कोरोना महामारीपछी थलिएको ब्यवसायले अहिलेसम्म गतिलिन नसकेर ब्यवसायमा आएको संकुचनलाई बिशेष ध्यान दिदै नगरपालिकाका मेयर प्रह्दकुमार क्षेत्री र प्रमुख प्रसाशकिय अधिकृत राममणी अधिकारीको योजनामा नगरक्षेत्र भित्रको ब्यपार ब्यवसायलाई संरक्षण तथा प्रबद्धन गर्ने उदेश्यले ब्यवसाय नविकरणमा शत प्रतिशत छुट दिएको नगरपालिका प्रमुख प्रशाशकिय अधिकृत राममणी अधिकारीले जानकारी दिए। प्रमुख प्रशाशकिय अधिकृत अधिकारीले भने, स्थानिय सरकार स्थानिय नागरिक संग प्रतक्षय रुपमा सरोकार राख्दै सेवा प्रवाह गर्ने सरकार हो। त्यसैकारण स्थानिय सरकार नागरिकको सबै भन्दा नजिकको सरकार पनि हो । नागरीक र स्थानिय समस्याको समाधान गर्न प्रयासरत रहनु हाम्रो दायित्व हो त्यसै कारण अहिलेको ब्यवसाय तरलतालाई स्थानिय सरकारले बिशेश ध्यान दिदै आर्थिक बर्ष २०८०/८१ सम्म ब्यवसाय नविकरण नगरेका ब्यवसायीलाई नगरपालिकाले पुस मसान्त सम्म नबिकरण गरेमा ५० प्रतिशत छुट र हाल सम्मकै जरीवानामा शत प्रतिशत छुट नगरपालिकाले दिने निर्णय गरेको छ । यसले नगर पालिका भित्रका ब्यवसायीको आर्थिक समस्यामा थोरै भए पनि मलम लाग्ने हाम्रो बुझाई छ । यसैगरी नगरपालिका भित्रका व्यवसायीले विना दर्ता व्यापार व्यवसाय सञ्चालन गरिरहेको भए पनी नगरपालिकाले पुस मसान्त भित्र व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्न अब्हान गरेको छ। व्यवसाय दर्ता नगरी सञ्चालन गरिरहेका व्यवसायीलाई आन्तरिक राजस्व कार्यालयमा दर्ता गरेपछी नगरपालिकामा ब्यपार दर्तागरी सञ्चालन गर्न नगरपालिकाले अनुरोध गरेको बताईएको छ । यसका साथै नगरपालिकाले होटल, पसल लगायतका व्यवसाय दर्ता नगरेका व्यवसायीलाई तो किएको समय सिमा भित्रै दर्ता गर्नकालागि सुझाव दिएको छ । बर्दिवास नगरपालिकाले दिएको सुझाबको समय सिमा भित्र पालना नगरी बेवास्ता गरेको पाईएमा आवश्यक कारबाही समेत गर्न सक्ने नगरपालिकाले चेतावनी दिएको छ ।

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?

यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।

Study Abroad

Preparation Classes

- IELTS / PTE Classes
- Japanese Language Classes
- Korean Language Classes

IELTS | Pearson | PTE

Date Booking

Australia | Canada | UK | USA
New Zealand | Japan | Korea

ग्रेस इन्टरनेशनल, बर्दिबास

सम्पर्क:- 9841133811, 9854088026, 9854088028 | स्थान :– औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

# बर्दिबास नगरपालिकाले मनायो अन्तराष्ट्रिय आप्रवासी श्रमिक दिवश



● माधव पौडेल

बर्दिबास नगरपालिकाको आयोजना तथा रोजगार सेवा केन्द्र, बर्दिबास नगरपालिकाको समन्वयमा मितिः-२०८१ पौष ३ गते (१८ डिसेम्वर २०२४) दिन बर्दिबास नगरपालिका वडा न.-१ स्थित सिन्धुली रोडमा बर्दिबास नगर पालिकाको नगर प्रमुख श्री प्रल्हाद कुमार क्षेत्री ज्यूको अध्यक्षता, मधेश प्रदेश सभासद माननीय श्री शारदा देवी थापा ज्यूको प्रमुख आतिथ्व, ईलाका प्रशासन कार्यालय, बर्दिबास, ईलाका प्रहरी कार्यालय बर्दिबासका रेवति रमण पोखरेल, जिल्ला ट्राफिक कार्यालय, बर्दिबासको कार्यालय प्रमुख तथा प्रतिनिधि, बर्दिबास नगरपालिकाको उप-सचिव श्री रेवती प्रसाद पराजुली, नगर पालिकाको शाखा प्रमुख लगायत पत्रकार, समाजसेवी र जनमानसको गरिमामय उपस्थितिमा बर्दिबासमा पहिलो पटक राष्ट्रिय नाराः-“ सुरक्षित आप्रवासनको आधार, सूचना र सीप सहितको रोजगार“ साथ अन्तराष्ट्रिय आप्रवासी श्रमिक दिवस- २०२४ मनाउन मृतक आप्रवासी श्रमिकहरु प्रति श्रद्धांजलि अर्पण गर्दै १ मिनेटको मौन धारण, मृतकहरुको आत्मा को चिरशान्तिको लागि दिप प्रज्वलन र आप्रवासी श्रमिकहरुको हक्, अधिकारसुनिश्चितताबारेजनचेतना मूलक कार्यक्रम सहित अन्तराष्ट्रिय आप्रवासी श्रमिक दिवस- २०२४ मनाइएको छ। कार्यक्रममा वर्दिवास नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत राममणि अधिकारीले वैदेशिक रोजगारीमा जाने तथा जान चाहने व्यक्तिहरुलाई सूचना तथा परामर्श सेवा प्रदान गर्न नगर पीलकाले विभिन्न कार्यक्रम संचालन गरेको जानकारी दिए । श्रम स्विकृतिमा सहजीकरण, परामर्श कार्यक्रम, वैदेशिक रोजगार सन्तति छात्रवृतिमा सहजीकरण, रिटर्नि स्वयमसेवकवाट घरभेटभाट कार्यक्रम गरी वैदेशिक रोजगार सम्वन्धी सुचना प्रदान, वैदेशिक रोजगारीको क्रममा विरामी हुँदा निशुल्क टेलिमेडिसिन सुविधा लिन सम्पर्क गर्ने जानकारी सम्वन्धि कुरामा सहजिकरण गर्ने जस्ता कार्यहरु गरीरहेको वताए । त्यस्तै सभाध्यक्षको तर्फवाट नगर प्रमुख क्षेत्रीले कोहि विदेश जान्छु भन्ने सोच आउने वित्तिकै पहिलो काम भनेको पासपोर्ट वनाउन प्रशासन कार्यालय जान्छ तसर्थ हाम्रो नगरपालिकाले पहिलो काम नै पासपोर्ट वनाउने ठाउँमा एकजना कर्मचारी काउन्सीलिङको लागि राखिदिएको छ। उसको काम भनेको नेपालमै सिप सिकेर रोजगार वन्ने वैदेशिक रोजगारमा जानै पर्ने भएपनि सम्वन्धित ज्ञान, सिप, तालिम सिकेर त्यो देश सम्वन्धी जानकारी लिएर जाने भन्ने वारेमा परामर्श दिने । हाम्रो देश नै रेमिट्यान्सवाट चलेको भन्ने वारेमा दुविधा रहनु हुदैन । सरकारले देशमा रोजगारी सिर्जना गर्न नसक्दा धेरै युवा वाध्यतामा पनि वैदेशिक रोजगारीमा जानु परेको छ। हाम्रो वुवा हजुरवुवाको पालमा डालाभरी मकै कोदो हुन्थ्यो खलाभरी भनौ भकारी भरी धान गहु हुन्थ्यो वाहिरका व्यापारीहरु आएर किनेर लान्थे तर अहिले हामि कोहि काम नगर्ने वसि वसि मिठो मसिनो खाने भएर हामि परनिर्भर भएका छौ। प्रदेश अनुसार कम्तिमा एउटा सिपमुलक तालिम केन्द्र संचालन गर्ने निति अनुसार हाम्रो वर्दिवास नगरपालिकामा प्रदेशकै तालिम केन्द्र खोल्न पहल गरीरहेका छौ । हाम्रो ध्यान भनेको सवै वैदेशिक रोजगारलाई तालिम र सिपयुक्त वनाएर पठाउन सक्यौ भने धेरै भन्दा धेरै आम्दानि देशले आर्जन गर्ने हुँदा देशका तिनै तहका सरकारहरु त्यसतर्फ ध्यान दिनु जरुरी छ । प्रमुख अतिथिको तर्फवाट मधेस प्रदेश सांसद मा. शारदा देवी थापाले शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा स्थानीय आय आर्जनमा योगदान पुगी गरिबी घटाउने प्रमुख कारण वैदेशिक रोजगारी बनेको छ । विदेशमा आर्जित रकम र सीपले स्वदेशमा उद्यम र स्वरोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यद्यपि वैदेशिक रोजगारीले केही समाज र परिवारमा विखण्डन र विचलन बढेको, कृषियोग्य जग्गाजमिन बाँझो रहेको, गाउँमा वृद्धवृद्धाको मात्रै उपस्थिति भएको र देशमा युवाशक्तिको अभाव भएको छ । जुन एउटा फरक किसिमको डर लाग्दो अवस्था हो। प्रदेश सरकार वैदेशिक रोजगारीको विरोधमा हैन सहजीकरणमा लागेको छ र सवैलाई सिप, ज्ञान र क्षमता प्रदान गरेर मात्र रोजगारीमा जान प्रोत्साहन गर्छ भन्ने कुरामा जोड दिईन ।



*महिलाहरुलाई विना सिप वैदेसिक रोजगारीमा पठाउन नहुने मा जोड दिनुपर्छ। शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा स्थानीय आय आर्जनमा योगदान पुगी गरिबी घटाउने प्रमुख कारण वैदेशिक रोजगारी बनेको छ। यद्यपि वैदेशिक रोजगारीले केही समाज र परिवारमा विखण्डन र विचलन बढेको, कृषियोग्य जग्गाजमिन बाँझो रहेको, गाउँमा वृद्धवृद्धाको मात्रै उपस्थिति भएको र देशमा युवाशक्तिको अभाव भएको छ।*

**– मा. शारदा देवी थापा,**
**पूर्वराज्यमन्त्री मधेस प्रदेश**



*हाम्रो देश नै रेमिट्यान्सवाट चलेको भन्ने वारेमा दुविधा रहनु हुदैन। सरकारले देशमा रोजगारी सिर्जना गर्न नसक्दा धेरै युवा वाध्यतामा पनि वैदेशिक रोजगारीमा जानु परेको छ। हाम्रो ध्यान भनेको सवै वैदेशिक रोजगारलाई तालिम र सिपयुक्त वनाएर पठाउन सक्यौ भने धेरै भन्दा धेरै आम्दानि देशले आर्जन गर्ने हुँदा देशका तिनै तहका सरकारहरु त्यसतर्फ ध्यान दिनु जरुरी छ।*

**– प्रहलाद कुमार क्षेत्री**, *नगरप्रमुख*
**बर्दिबास नगरपालिका, महोत्तरी**



*नगरपालिकाले वैदेशिक रोजगारीमा जाने तथा जान चाहने व्यक्तिहरुलाई सूचना तथा परामर्श सेवा प्रदान गर्न नगरपीलकाले विभिन्न कार्यक्रम संचालन तथा श्रम स्विकृतिमा सहजीकरण, सिपमुलक तालिम, परामर्श कार्यक्रमलाई जोड दिएको छ।*

**– राममणि अधिकारी**, *प्र.प्रशासकिय अधिकृत*
**बर्दिबास नगरपालिका, महोत्तरी**

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### आप्रवासी श्रमिकको अधिकार खोई

सुरक्षित आप्रवासनको आधार, सुचना र सीप सहितको रोजगार, भन्ने मुल नाराका साथ अन्तराष्ट्रिय आप्रवासी श्रमिक दिवश २०२४ मनाईरहेका छौ । विश्वभरी करीव २८ करोड मानिसहरु कुनै न कुनै किसिमले आप्रवासीको रुपमा कार्यरत रहेको प्रतिवेदनले देखाएको छ । वर्दिवास नगरपालिकामा मात्रै ५६ प्रतिशत घरधुरीका ८७०० जना वैदेशिक रोजगारीमा गएको आधारीकारीक तथ्यांकले देखाएको छ भने विना तथ्यांक जानेहरुको संख्यापनि अत्यधिक नै छ । यस्तो अवस्थामा अन्तराष्ट्रिय आप्रवासन दिवश मनाईदै गर्दा देशको आर्थिक तथा सामाजिक स्तरोन्नतिमा आप्रवासी कामदारहरूको विप्रेषणको योगदान रहँदा रहँदै पनि आप्रवासन व्यवस्थापनमा श्रमिक र तीनका परिवारले अनुभूति गर्ने गरी अपेक्षाकृत उपलब्धि हुन सकेको छैन । वैदेशिक रोजगारमा जान चाहनेहरू ठगीमा पर्ने गरेको, उद्धार तथा स्वदेश फिर्ती, हराएकाहरूको खोजी र कानुनी प्रतिरक्षाको अभावमा जेल जीवन बिताइरहेको उद्धार र आप्रवासी श्रमिकहरूको स्वास्थ्य अधिकार जस्ता कार्यहरू प्रभावकारी रूपमा हुन नसकेको कारण धेरै आप्रवासि पिडित भएका छन । विभिन्न युद्धका क्रममा घाइते भएका नेपाली नागरिकहरूलाई उचित क्षतिपूर्ति, मृत्यु भएकाहरूको शव फिर्ती तथा क्षतिपूर्ति जस्ता विषयहरूमा समेत प्रभावकारी पहल हुन नसकेको, श्रमिकहरूको अधिकार संरक्षण गर्न अन्तरमन्त्रालय र अन्तरविभाग समन्वय प्रभावकारी नभएको तथा वैदेशिक रोजगारबाट फर्किएकाहरूको पुनः एकीकरण र स्वदेशमै पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसकेको देखिन्छ । आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणमा पर्याप्त लगानी गर्न, नीतिगत व्यवस्था गरी आप्रवासनका समसामयिक र उदयमान समस्याहरूको न्यायोचित र कानुनी रूपमा सम्बोधन गर्दै आप्रवासनलाई सुरक्षित, मर्यादित र नियमित बनाउने तर्फ परिणाम देखिने गरी पहल कदमी लिन, घरेलु श्रमिक महिलाको अधिकारको संरक्षणको कार्य गर्न सरकार र सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूको ध्यान जानु जरुरी छ । आप्रवासी श्रमिकहरूको अधिकार संरक्षणमा अर्थपूर्ण योगदान र सहभागिताका लागि सम्पूर्ण सरोकारवालालाई एक भएर लागेमा मात्र वास्तविक दिवश मनाएको आभास हुन जान्छ । विश्वका मानिसहरु गरिवि, युद्ध, जलवायु परीवर्तन जस्ता आन्तरीक समस्यामा जुधिरहेको वर्तमान परिप्रेक्ष्यमा मनाईने आप्रवासी दिवशको मर्म अझ प्रभावकारी र सन्देशमुलक हुनु जरुरी देखिन्छ ।

# फिलम भन्दा फुर्ति धेरै –पुष्पा २




**टक नेपाल**

निर्माण अगाडि नै सुपरहिट प्रचार पाएको चलचित्र हो-'पुष्पा-२ द रुल' । पुष्पा अब कसैको नाम मात्र रहेन, ब्रान्ड भइसकेको छ । 'पुष्पा २' सन् २०२१ को तेलुगु ब्लकबस्टर फिल्म 'पुष्पाः द राइज'को सिक्वेल हो। यस कारण पनि यो निर्माणअघि नै बहुप्रतिक्षित चलचित्र हो । चलचित्रका निर्देशक एवं लेखक सुकुमारलाई पहिले नै थाहा थियो पुष्पा २ को नतिजा। नतिजा हेरर बनाइएको चलचित्र हो यो। बनाउनु भन्दा अगाडि नै चलचित्र सुपरहिट भन्ने थाहा थियो। यसकारण मिहनेत गरेको चलचित्र होइन। उनले यो चलचित्रमा आफ्नो कल्पना शक्तिको प्रयोग नै गरेका छैनन् भन्दा फरक पर्दैन । बजारमा नयाँ चिज आयो भने अपेक्षा हुन्छ पुरानो भन्दा राम्रो होस्। केही नयाँ होस्। यो पुष्पा २ को हकमा त्यो नयाँपन देखिदैन। चलचित्रमा राम्रो भन्दा अलोचनात्मक पक्ष धेरै छन् । पुष्पा २ धेरै लामो चलचित्र हो। लामो मात्रै होइन पट्यार लाग्दो छ । ३ घण्टा २० मिनेटको यो चलचित्रमा कन्टेन नै छैन। यति लामो चलचित्र बनाउनुको कुनै औचित्य प्रष्ट हुन सकेको छैन। ३ घण्टा २० मिनेटको फिल्म मात्रै हो, चिलचित्रका लागि पूरा ४ घण्टा छुट्याउनु पर्छ। फिल्ममा कसिलो पटकथा नै छैन। यो त दर्शकका लागि एक किसिमको टर्चर नै हो । सिक्वेल भनेपछि प्रश्न उठ्छ, चलचित्रमा नयाँ के छ? उत्तर केही छैन। पुष्पामा धेरै कुरा नयाँ थियो। डाइलक थिए, 'फ्लावर नही फायर हे', 'झुकेगा नहि साला'। यी पुरानै डाइलक हुन्। हिँड्ने, बोल्ने तरिका अल्लु अर्जुनको जुन थियो त्यो सबै पुष्पामा नौलो थियो। तर यसमा कुनै पनि नयाँ छैन। यसमा पुरानै कुरालाई दोहोर्‍याइएको छ। यदी अल्लु अर्जुनको तपाई 'डाइहार्ट फ्यान' हो भने पुष्पा नै हेर्नुहोस्। पुष्पा २ हेर्नुपर्ने कुनै आवश्यकता छैन । असफलताबाट सिकाइको पाठ लिनु मान्छे को स्वभाव हो। तर सफताबाट सिकाइको पाठ लिन नसक्नु मान्छेको कमजोरी पनि हो। यो पुष्पाका निर्देशक सुकुमारमा पनि लागु हुन्छ। पुष्पाको सफलताबाट सुकुमारले केही सिकेनन्। पुष्पा ब्लकबस्टर फिल्म हो। तर यसको सफलताबाट केही सक्न सकेनन् सुकुमारले । पुष्पा २ हेरर बाहिर निस्कँदा एक यस्तो डाइलक छैन जुन मुखमा झुन्डिरहोस्। एउटा यस्तो सिन छैन जुन याद आइर होस्। पुष्पाको जादु पुष्पा २ मा देखाउन सकेका छैनन् । सकारात्मक पक्षको कुरा गर्दा अल्लु अर्जुनको वास्तविक कलाकारीता यहाँ देखिन्छ । उनको एक्टिङ कमालकै छ । भिलेन एसपी सिकावतको अभिनय पनि तारिफ योग्य नै छ । उनी फिल्ममा छाएका छन्। जतिबेला उनी देखिन्छन् एक्साइमेन्ट छाउँछ । एक हिसाबले फिल्मलाई जीवन दिएका छन् । चलचित्रको संगित पक्षलाई हेर्ने हो भने बेकारका गीत छन् । आवश्यकता भन्दा बढी ठाउँमा गीतले स्थान ओगटेको महशुस हुन्छ। डान्सलाई भने औसत मान्न सकिन्छ । अल्लुको उत्साह जगाउने डान्स छ। एक्सन राम्रो छ। यदी तपाईलाई एक्सन मन पर्छ भने चलचित्र ठिकै लाग्न सक्छ । डाइलक बकबास छन्। अल्लुका डाइलक पुरानै छन्। एक पनि राम्रा डाइलक यो फिल्मले दिएको छैन । बाँकी कलाकार रश्मिका मन्दाना वा अन्य कलाकार का डाइलक पनि बेकारका लाग्छन्। जति पनि भावुक बनाउन राखिएका सिन छन्। त्यसबाट भावुक हुने अवस्थाका छैन। त्यसमा इमोसन महशुस नै हुँदैन। पारिवारिक ड्रामामा दर्शकका आँखाबाट आशुको जुन अपेक्षा निर्देशको थियो, रसाउने त परको कुरा, बिझाउनसम्म बिझाउँदैन। डाइलककै कारण ती इमोस्नल सिन पूरा हुन नसकेको भान हुन्छ। ती सिनमा कुनै इमोसन जाग्दैन । पुष्पा एक गरिब मजदुरबाट रक्तचन्दन तस्कर बन्ने कथा थियो। पुष्पा २ तस्करबाट अन्तर्राष्ट्रिय डन बन्ने कथा हो। जब मान्छे ठुलो बन्दै जान्छ उसमा डर पैदा हुँदै जान्छ। यो महशुस गर्न सकिन्छ पुष्पा २ मा। पुष्पा डराउँदै छन्। उनको कमजोरी पनि स्पष्ट देखिन्छ। मान्छे जति नै ठूलो वा जति नै सफल भएपनि आफ्नो परिवार बाट मान्यता नमिल्दा उ अधुरो नै रहन्छ । यसमा पुष्पा आफ्नो वंशको तलासमा भड्केका देखिन्छन्। अन्तर्राष्ट्रिय डन बनेपछिको धुतपना यहाँ अल्लु अर्जुनमा पनि देखिन्छ । पूरा चलचित्र एक कथामा बाँधिएको छ। पुष्पा पत्नी श्रीबल्ली आफ्ना श्रीमानसँग मुख्यमन्त्रीको फोटो घरमा भएको हेर्न चाहना राख्छिन्। तर मुख्यमन्त्रीले तस्कर पुष्पासँग फोटो खिच्न मान्दैनन्। त्यसपछि पुष्पा मुख्यमन्त्री नै फेर्दिन्छन्। नयाँ मुख्यमन्त्रीसँग फोटो मात्रै होइन घरमै बोलाएर खाना खाएर फोटो खिच्छन् । पूरा चलचित्र यसमै केन्द्रीत छ । डिसेम्बर ५ मा विश्वव्यापी प्रदर्शनमा आएको पुष्पा २ ले विश्वभर झण्डै दुई हजार करोड भारुको आँकडा पार गर्ने निश्चित छ । फिल्मले ११ दिनसम्म विश्वव्यापी एक हजार ४ सय करोड भारु कमाइसकेको छ । अहिलेसम्म सर्वाधिक कमाउने सर्वकालीन भारतीय फिल्मको तेस्रो स्थानमा यो फिल्म सूचीकृत भइसकेको छ । अब, पुष्पा-३ बन्ने निश्चित छ । पुष्पा २ जति नै पैसा कमाओस्। पहिलो भन्दा बढी नै सुपर हिट होस्। यो होइन कि यो पुष्पा भन्दा राम्रो बनेको छ । 'पुष्पा २' भन्दा 'पुष्पा' धेरै राम्रो चलचित्र थियो। त्यो यसकारण राम्रो थियो कि त्यसबेला बनाउने मान्छेलाई समेत थाहा थिएन यति राम्रो बनाउँदैछौ भन्ने । त्यति बेला मनबाटै फिल्म बनेको थियो। मिहनेत गरेका थिए । तर त्यो मिहनेत पुष्पा दुईमा देखिदैन । खासमा पुष्पा, केजिएफ लगायतका चलचित्र निर्माण नै नगरिनु पर्ने हो। निर्माण गरिए रोकिनु पर्ने हो। त्यो पनि नभए हेर्न नै नपर्ने हो। यसको प्रशंसा त झन् गर्न नै हुँदैन। एक तस्करलाई नायक बनाएको चलचित्रबाट समाजमा कस्तो प्रभाव पर्ला? यसको मुल्यांकन नै गर्न सकिदैन। तस्करी र गुन्डागर्दीलाई जति नै सकारात्मक रूपमा देखाउन खोजेपनि त्यो कदापी राम्रो भन्न सकिदैन। गरिब परिवारमा जन्मनु जन्मिने मान्छेको दोष होइन। हुर्कँदै गर्दा समाजबाट तिरस्कृत हुन उसको बसमा छैन । तर त्यस्तो मान्छे भविष्यमा गुन्डा नाइके नै बन्नु पर्छ भन्ने छैन । समाजमा राम्रा उदाहरण थुप्रै छन्। गरिब परिवारमा जन्मेका मान्छे आफ्नो मिहनेत र परिश्रमबाट उच्च पद प्रतिष्ठा आर्जन गरेका उदाहरण धेरै नै छ । प्रधानमन्त्री, मन्त्री, डाक्टर, वैज्ञानिक, इञ्जिनियर, कलाकार बनेका अनुसरण योग्य व्यक्तित्व समाजमै प्रशस्तै छन्। तिनलाई पात्र बनाए समाजमा सकारात्मक प्रभाव पर्छ । नकात्मक पात्रबाट मात्रै चलचित्र चल्ने होइन। चलचित्र त कल्पना प्रस्तुतीको उच्चतम विन्दु हो। थ्री इडिएट वा सुल्तान वा यस्तै किसिमका चलचित्रबाट जीवन बदलिए भन्ने मान्छे प्रस्ततै भेटिन्छन्। तर तस्कर र गुन्डालाई रोलमोडल बनाइएका चलचित्रका पात्रबाट समाजमा तिनलाई अनुसरण गर्दा कस्तो प्रभाव पर्यो वा पर्ला त्यो भने अनुसन्धानको विषय रहेको छ ।





# कथनी र करनीको भुलभुलैया

● देवेन्द्र भट्टराई

"हाम्रा प्रधानमन्त्रीजी पहिले औषधिको बट्टा (चक्की) हातमा बोक्छन्, अनि त्यो औषधि चाहिने खालको बिरामी खोज्दै हिँड्छन्। के तपाईंहरूको देशमा पनि यस्तै हुन्छ?" कात्तिक अन्तिम साताको एउटा अपराह्न भारतीय समाजवादी नेता योगेन्द्र यादव दक्षिण एशियाली राजनीति र नेपाल-भारत सम्बन्धबारेको अन्तरसम्वादमा थिए, पाटन बगीखाना कक्षमा। भारत मामलामा काम गरिसकेका सम्पादक, प्रखर अध्येता र विद्यार्थीमाझ यादवले उपरोक्त सन्दर्भ सुनाएका थिए, आफ्ना प्रधानमन्त्री नरेन्द्र मोदीजीको चित्र-चरित्र उधिन्दै । अरुभन्दा पनि नेता यादवको प्रश्नले तरंगित हुनेहरू धेरै थिए। धेरैमध्ये योजना आयोगका पूर्व उपाध्यक्ष एवं कांग्रेस नेता विश्व पौडेलले जवाफ दिएका थिए-"हो हो। हाम्रोमा पनि यही स्थिति छ, फरक छैन।" सन्दर्भ यता वा उता जतैको भए पनि नेता यादवले दिएको दृष्टान्त बग्रेल्ती पाइन सक्ने मुकाम हो- नेपाली राजनीति। हिजो अपराह्नको बाचा र बचन आज बिहान उठ्नासाथै भुल्ने लक्षण यति व्याप्त छ कि 'होइन, हामी सुध्रिनुपर्छ। हाम्रो आचार-विचार पत्रु भइसकेको छ, अब बदलिनैपर्छ' भन्ने तहमा नेतागणहरू पुगेका छन्। तर, बदलिने-फेरिने कहाँबाट पत्तो पाउन सकेका छैनन् । शुरू जहाँबाट गरे पनि हुन्छ। राज्य कोषबाट खर्च भएको १ अर्ब ६३ करोड रुपैयाँको दमक भ्यु-टावरको 'हविगत' होस् वा 'ऋण त फिटिक्कै लिन्नौं' भन्दै बेइजिङ निस्केको एक सातामै विश्व बैंकबाट १३ अर्ब ऋण लिएको दृष्टान्त! भाषण र अठोटमा प्रतिस्पर्धाको आधार र 'मेरिटोक्रेसी'को दुहाइ दिने सरकारले फेरि पनि 'भागशान्ति'मै विश्वविद्यालयका संस्थान/संकायमा डिनहरू नियुक्ति गरिएको हालैको घटना समाचारमा मात्रै सीमित छैन । पत्रकार महासंघकै पदाधिकारी पनि राजनीतिक भागबन्डामा चुनिएर मखलेल देखिन्छन्। पेसागत स्वतन्त्रताको पगरी समातेर बसेका केही पत्रकारका लागि महासंघमा एमाले सभापति र कांग्रेस महासचिवको मुसुमुसु-मुद्रा उदेकको देखिन्छ, द्विविधायुक्त! सन्दर्भ अने कानेक छन् । सुशासन र पारदर्शिताको दुहाइ बोकेर सिंहदरबारबाट हुँकार छाडिरहेको सरकार आफ्नो कुर्सीभन्दा मुस्किलले १ किलो मिटर पर्तिरको कमलादी सडकमा परेको ४ मिटर लामो भ्वाङ टाल्न ४ महिना लगाउँछ। अनि, भौतिक पूर्वाधार तथा यातायात सचिवलाई 'भ्वाङटाले' सडक उद्घाटनमा पठाउँदै सरकार भन्दैछ-"कुछ त हुँदैछ!" नेपाली मिडियामा छाएका कारण पछिल्ला वर्ष खुबै चिनिएका नाम हुन्- बलेवा (बागलुङ), सुकिलुम्बा (इलाम), रेसुंगा (गुल्मी) र टीकापुर (कैलाली) विमानस्थल। हाम्रा नेतागणले गाउँगाउँमा विकासका खातिर डोजर पुऱ्याएभैं आफूलाई पायक पर्ने चुनाव क्षेत्रमा विमानस्थल खनिछाड्ने पंक्तिमा यी जिल्लाका नाम पनि जोडिएका हुन् । सामान्यतः १८ सिटे साना जहाज आफ्ना घरआँगनमा लगिछाड्ने र जहाज चढ्ने यात्रु नपाइए स्थानीय निकायलाई आर्थिक भार बोकाएरै भए पनि केही साता वा महिनालाई चुनावी प्रतिबद्धता पूरा गराइछाड्ने प्रणले शुरूमा एक/दुई पटक जहाज उडेकै हुन्। 'कम्तीमा १५ सिट बुक नभएमा बाँकी रकम टीकापुर नगर पालिकाले शोधभर्ना गर्ने' सर्तमा यो साता शुरू भएको काठमाडौं-नेपालगन्ज-टीकापुर उडान यो 'मौलिक द्रुतगामी विकास'को पछिल्लो उदाहरण हो। जबकि टीकापुरबाट नेपालगन्ज वा धनगढी पुगे पनि बस यात्रामा २ घण्टाको बाटो मा जोडिएको सुगम स्थिति छ, यो यथार्थसामु घरगाउँमा विमानस्थल किन? कैलाली मूल घर भएका पत्रकार प्रशान्त अर्याल पनि 'छक्कै' छन्, यो काइदाको पर्यटन विकास र यातायातको अति पहुँच देखेर। "यसरी राज्यकोषमा भार पारेर बलजफती विमानस्थल सञ्चालन गर्नै पर्ने किन ? वाहियात...सिट खाली भए पालिकाले भाडा तिर्ने काठमाडौं-टीकापुर-काठमाडौं हवाई उडान भोलिदेखि," अर्यालले आवेशमा आएर सञ्जालमा लेखेका छन्। यही सर्त र बहानामा यसअघि शुरू भएका बलेवा र सुकिलुम्बा विमानस्थल पनि अहिले बन्द भइसकेका छन्, गुल्मी-रेसुंगाको हविगतबारे त्यहाँका नेताहरू चन्द्र भण्डारी (कांग्रेस) वा प्रदीप ज्ञवाली (एमाले) बढी जानकार छन् । यस्ता विस्मय लाग्ने सन्दर्भ एक होइन, अनेक छन्। यसै महिना आएका दुई अदालती पुनराव लोकनका आदेश पनि त्यही काइदाका छन्। आशा, सम्भावना र सकारात्मक नतिजाको बहस सुचारु गरौं भनिरहेका बेला अदालतले गरेका फैसलाले राजनीतिमा रहेको 'कालो बादलको घेरा'लाई हटाउने संकेत नदिएभैं भान पर्न थालेको छ। यसमध्ये पहिलो हो- एमालेको मुख्यालय बन्ने कीर्तिपुरको जमिन विवाद। र, दोस्रो- नदी किनारा मापदण्ड कार्यान्वयन नहुने बारेको फैसला । एमाले पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीकै जोड बलमा लिइएको भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङबाट लिइएको १० रोपनी १४ आना 'जग्गादान' बारेमा एक महिना अन्तरमा आएको अदालती फैसला आफैमा उल्काको देखिन्छ । "विगतमा ललिता निवासको जग्गा लिएर फिर्ता दिएको भनेर जोगिएका अर्थमन्त्री विष्णु पौडेलसहितको सरकार चलाइरहेको पार्टी र एकपल्ट पक्राउ परेर अभै मुद्दा खेपिरहेका मीनबहादुर गुरुङबीच यसरी लेनदेन हुनु अनैतिक मात्रै हुन्छ कि गैरकानूनी पनि हुन्छ? प्रधानमन्त्री नै स्वार्थ समूहको प्रभावमा परेपछि कानूनको शासन र सुशासनमा कस्तो असर पर्छ?," भन्दै दायर भएको रिटमा फेरि भएको पुनरावलोकनले 'अर्कै न्याय' देखेको छ। उक्त रिटलाई खारेज गर्दै सर्वोच्चका न्यायाधीशद्वय बालकृष्ण ढकाल र अब्दुल अजिज मुसलमानले गरेको फैसलामा के, कता, कुन खालको दफाले काम गरेको थियो भन्ने प्रष्ट भएको छ । यसबारे थप स्पष्ट पार्दै एमाले प्रचार विभागका नेता विष्णु रिजालले प्रत्यक्ष-परोक्ष आफ्नो पार्टीपंक्तिको भक्तिगान सञ्जालमार्फत नै गाएका छन्-"नेकपा(एमाले) को केन्द्रीय कार्यालय भवन निर्माणसम्बन्धी बदनीयतपूर्वक दायर गरिएको रिट खारेज गरेर सर्वोच्च अदालतले आफूलाई राजनीतिकरण र विवादित हुनबाट जोगाएको छ। अदालतलाई जहिले पनि एमालेविरुद्ध प्रयोग गरिरहने विडम्बनापूर्ण प्रयास असफल साबित भएको छ। कानूनी रूपमा बिलकुलै प्रवेश नै गर्न नमिल्ने विषयमा जबरजस्ती अदालतलाई प्रवेश गराएर समयको बर्बादी र विषयान्तर गर्ने प्रयासको अन्त्यसँगै भवन बन्ने मार्ग प्रशस्त भएको छ।" यसैगरी, सत्तासीन प्रमुख पार्टी नेकपा एमाले कै 'इगो'को विषय बनेको बागमती किनाराको व्यवस्थापन र सुकुमवासी मामला पनि फेरि उलटपुलट भएको छ। न्यायको नौ-सिङ्गा विगतमा अदालतले बागमती र उपत्यकाका अन्य नदी किनारामा बसेकालाई अन्यत्र स्थानान्तरण गर्न र नदी किनारामा २० मिटर छाड्ने आदेश अनुचित भएकाले थप २० मिटर बढाउन आदेश (कात्तिक १२) दिएको थियो। तर, यो निर्णयसमेत उल्टिएर उक्त फैसला तत्काल कार्यान्वयन नगर्न-नगराउन भन्दै नदी किनारबारेको रिट खारेज भएको पुनरावलोकन अवस्था छ। लिखित पाठ नआए पनि रिट निवेदन खारेज हुने आदेश आएपछि यो तहको न्यायिक सुनवाइसमेत जर्ज अर्वेलको 'एनिमल फार्म'भैं रहेछ भन्ने बहस शुरू भएको छ, सामाजिक सञ्जालमा । प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण (मंसिर १७-२०) अगाडि चर्काइएका दुई प्रमुख मुद्दा थिए- पोखरा विमानस्थल निर्माणको चिनियाँ ऋण मिनाहा अनुरोध र बीआरआई समभ्रदारी पत्रमा हस्ताक्षर। चिनियाँ एक्जिम बैंकको २५ अर्ब ८८ करोड रुपैयाँको ऋण मिनाहाका लागि गत भदौ पहिलो साताबाटै सरकारी तहमै प्रयत्न थालिएको थियो, स्वयं अर्थमन्त्री विष्णु पौडेलको पहलकदमी शुरू भएकै थियो। तर, प्रधानमन्त्री ओली चीन जानुअघि काठमाडौंस्थित चिनियाँ राजदूत चेन सोङले स्पष्ट भाषामै भनिसकेका थिए-"यदि चिनियाँ ऋणलाई अनुदानमा परिणत गरियो भने त्यो नौलो घटना हुनेछ ।" यसरी, ऋणलाई अनुदानको च्याप्टर प्रम ओली बेइजिङ उत्रनुअघि काठमाडौंमै टुंगिएको भए पनि उनैले 'चीनले धेरै बोल्दैन तर, गर्छ मात्रै' भन्दै आशामुखी सन्देश प्रवाह गरिरहेका थिए। भन्डै ७ वर्षदेखि अल्भिरहेको बीआर आई फ्रेमवर्कमा सम्झौता त भयो तर, यता काठमाडौंमा बोलिएको 'बीआरआईमा ऋण लिन्न, अनुदान मात्रै' भन्ने थेगोलाई धानिराख्न समभ्रदारीमा नयाँ फुँदा जोडियो- 'एड-असिस्टेन्स फाइनान्सिङ' अनि, शुरू भयो नेपाली राजनीतिमा कथनी र करनीको कुरा। परराष्ट्रमन्त्री आरजु राणादेखि प्रधानमन्त्री ओलीसम्म 'यो अनुदान हो, ऋण होइन' भन्दै बल गरिरहेका थिए। प्रधानमन्त्री ओलीका सल्लाहकार र आसेपासे 'हो मा हो' मिलाइरहेका थिए । एकअर्कामा काटिने र विरोधाभास लाग्ने धारणा यसरी आइरहे कि यसले बनाएको भुलभुलैया अहिले पनि उस्तै छ। यसका केही उदाहरण काफी छन् । पछिल्लो एक महिनायता बीआरआईबारे आएका दाबी वा आत्म-विवेचनालाई सरसर्ती अध्ययन गर्ने हो भने जोकोही अलमलमा पर्छन्। योजना-परियोजनाअनुसार ऋण वा अनुदान दुवै हुन सक्ने भन्ने स्वीकारोक्ति नेपाली पक्षबाट आउन मुस्किल परेको देखियो। जति आदर्श र अडानको कुरा गरे पनि ३ महिनासम्म दक्षिणी छिमेकीबाट नआएको भ्रमण निम्ताको 'चस्को' त छँदै थियो, त्यसमाथि पेटबोलीमा ऋण नलिने भन्दैगर्दा 'सहुलियत दरमा ऋण पनि लिन सकिने'को अर्को सहमति प्रस्ट्याउन अभै गाह्रो परेको देखिन्छ । यी सबै होहोरी र आत्मरतिलाई चिरफार गर्दै सामाजिक सञ्जालमा पूर्वपरराष्ट्र सचिव मधुरमण आचार्यले दिएको सन्देश आफैमा काफी थियो, हरतरहको रोइलो पखालिने खालको। आचार्यले ट्वीटमा भनेका छन्-"वार्ताद्वारा हुने सम्झौतामा दोहोरो अर्थ लाउने मिल्ने 'रचनात्मक द्वैअर्थी' वाक्य वा शब्दावली प्रयोग हुन्छ । बीआरआईसम्बन्धी सम्झौतामा 'फाइनान्सिङ एड' भनेको पनि त्यस्तै हो। यसो पनि भन्न मिल्ने, उसो पनि! ऋण पनि अनुदान पनि! वादविवाद गरिरहनु नपर्ला।" ऋण कि अनुदानको दोहोरी जारी रहँदै गर्दा चीनले विगतमा लामो समयदेखि जनाएका अनुदान र सहयोगका प्रतिबद्धतालाई भने कहीँकतै प्राथमिकतामा राखेको देखिएन। ती कतिपय लिखित थिए, कतिपय मौखिक। त्यति लामो फेहरिस्त नहेर्दैमा पनि, ५ वर्षयता मात्रैको हिसाबमा पनि औसत १ खर्ब रुपैयाँको अनुदान सहयोग चीनले घोषणा गरेको छ। सन् २०१९ अक्टोबरमा चिनियाँ राष्ट्रपति सी जिनपिङले नेपाल भ्रमण गर्दा घोषणा भएको ३.५ बिलियन आरएमबी (६५ अर्ब ४० करोड रुपैयाँ) को कार्यान्वयन 'शून्य' स्थितिमा छ । सन् २०१९ अप्रिलमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी चीन भ्रमणमा जाँदा १ अर्ब आरएमबी (भन्डै १८ अर्ब ७० करोड रुपैयाँ) अनुदानमा दिइने भनेर आएको घोषणा व्यवहारमा प्रयोजनहीन बनेको छ। यस्तै, यस पटक प्रधानमन्त्री ओली चीन भ्रमणमा जाँदा दिने भनिएको १२ अर्ब रुपैयाँ, चिनियाँ स्टेट काउन्सीलर नेपाल आउँदा वा नेपालका परराष्ट्र मन्त्रीहरू बेइजिङ पुगेपछि भएका अनुदानका घोषणा हावामै तैरिरहेका छन् । जसरी एक दशकअघि अनुदान तथा ऋणमा चीनबाट ल्याइएका ६ वटा 'ग्राउन्डेड' जहाजका कारण नेपाल वायुसेवाले अहिलेसम्म ४ अर्ब रुपैयाँ घाटा बेहोरिसकेको तथ्यांकमा कोही कसैले ध्यान दिएको छैन, उसैगरी चिनियाँ अनुदान पनि 'हावादारी प्याकेज'भैं देखिएका छन् । बरु योभन्दा समुन्नत र व्यवहारिक त घाँस र राँगा-मासु (बफ) चीन निर्यातको तकनिकीमा पो परिणाम देखिएलाभैं भएको छ । चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणपछि सहमतिमा शुरू भएको नेपालबाट चितवनको घाँस निर्यात तिब्बती पठारसम्म आंशिक सफल देखिएको छ । त्यसैगरी अब २०० मिलियन डलरमा स्थापना हुन लागेको राँगा-भैंसीपालन र मासु निर्यातको अर्को बजार पनि सफल होला कि भन्ने देखिएको छ। स्लटरहाउस एसोसिएसन अफ नेपालका अध्यक्ष डा.नवीनकुमार शर्माका अनुसार, 'बफेल्लो फार्मिङः द गेम चेन्जर' नाममा शुरू भएको यो योजना भने यसपालि प्रधानमन्त्री ओली चीन भ्रमणमा गएर तय भएको समझदारी पत्र अनुरूप हो । सही हो- पूर्ववर्ती प्रधानमन्त्री पुष्पकमल दाहाल भारत गएर मुर्रा जातको भैंसी (राँगो) ल्याएर राँगाभैंसी उत्पादन बढाउने र वर्तमान प्रधानमन्त्री ओलीले चीनमा यिनै राँगाभैंसीको मासु बेचेर 'द गेम चेन्जर' नारालाई साकार तुल्याउने!




**नक्कली भुटानी शरणार्थीः 'सर्भिलियेन्स' मात्रै**

भन्डै दुई वर्षयता नेपाली समाज, राजनीति र प्रशासनयन्त्रको केन्द्रमा रहेको बहसको विषय नक्कली भुटानी शरणार्थी मामला अभै सेलाएको छैन, बरु एक वा अर्को रूपमा बल्भिरहेको छ। सोमबार मात्रै यो प्रकरणमै पुर्पक्ष थुनामा रहेका प्रतीक थापा (तत्कालीन गृहमन्त्री रामबहादुर थापा'बादल'का छोरा) र बेचन भाःलाई थुनामुक्त गराउन उच्च अदालत पाटनले अस्वीकार गरेपछि यो मामलालाई फेरि सम्भाउने काम गरेको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा २०७९ चैतदेखि पुर्पक्ष थुनामा रहेका प्रमुख पात्रहरू अभै न्यायिक अन्तिम फैसला पर्खिरहेका छन्, जबकि योबीच यही शरणार्थी प्रकरण र यसमा जोडिएको 'नेक्सस'ले सरकारै बदलिएको भाष्य भनै जीवन्त बनेको छ, अभ अर्थपूर्ण बन्दै गएको देखिन्छ । संयोगले, भुटानी राजा जिग्मे खेसर नाम्गेल वाङ्चुक गत मंसिर २१ मा मुस्किलले ३ घण्टाको 'ट्रान्जिट'मा काठमाडौंमा थिए। दिल्ली-काठमाडौं-थिम्पुको नियमित रुटमा काठमाडौं उत्रिएका राजा वाङ्चुकलाई स्वागत गर्न परराष्ट्रमन्त्री आरजु राणा, सचिव अमृतबहादुर राई, शिष्टाचार महापालसहितका गिनेचुनेका अधिकारी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए। स्वयम्भूदेखि बौद्धसम्मको सडक सुरक्षा 'चुस्त' बनाएर सरकारले मेहमानी देखायो भुटानी नरेशलाई। एक लाखभन्दा बढी नेपालीभाषीलाई देशनिकाला गरेको, आफ्ना नागरिक घरफर्तीबारे संवादमै नआएको र अन्तर्राष्ट्रिय जगतसामु 'ग्रस नेसनल ह्यापिनेस'को सूचकांक देखाउँदै हिँडेको भुटानसामु नेपाल राज्य र सरकार यति 'लाचार' बन्दै आएको छ कि 'यस्तो किन भइरहेको छ?' भनेर प्रश्न गर्ने ह्याउसमेत कसैले राखेको देखिन्न । सबै भन्दा चाखलाग्दो त नक्कली शरणार्थीको परिबन्दमा तानिएपछि गृह मन्त्रालयले दुई वर्षयता सक्कली भुटानी शरणार्थी समेतको नामोच्चारण गर्न सकेको छैन। गृहमन्त्री र परराष्ट्रमन्त्री (दुवै कांग्रेस) समेत भुटानी शरणार्थीको नाम लियो कि करेन्ट लागेभैं तर्सिएका देखिन्छन् । आश्चर्य के भने, भुटानी नरेश वाङ्चुकको काठमाडौं 'ट्रान्जिट ट्राभल' शुरू हुनासाथै बिहान ८ बजे नै शरणार्थी नेता टेकनाथ रिजालको चाबहिलस्थित निवासमा प्रहरी गस्ती शुरू हुन्छ। डेराघरमा आँगनदेखि छतसम्म प्रहरी परिचालित हुन्छन् । "कतै रिजाल भुटानी नरेशलाई कालो छतैबाट भए पनि भन्डा देखाइहाल्लान् कि भन्न त्रास रहेछ," विनयी स्वभावका गौशाला चौकीका एक प्रहरीले सुनाए, "त्यही भएर रिजाल बुढाको सर्भिलिएन्स (निगरानी)मा हामीलाई गृहले पठाएको हो।" ओहो, नक्कली शरणार्थी प्रकरणको न्यायिक निरूपण हुनु त कता हो कता, अब निगरानी ? रिजालजस्तो धरौटीमा बाहिर बस का वा पुर्पक्ष थुनामा जेलभित्र रहेकाहरूको परिवारमा निगरानी मात्रै न्यायिक निरूपण होइन। नक्कली शरणार्थी प्रकरणमा खुलासामा आइसकेका संदीग्ध पात्रहरूमाथि निगरानी शुरू हुनुपर्ने बेला राजनीतिक बदलाका नाममा यहाँ अलग्गै ताण्डव शुरू भएको देखिन्छ। प्रकारान्तरमा हाम्रा नेता र राजनेताहरू '२०८४ मा देखाइदिने' बात गरिरहेका छन् ।

# जनकपुरलाई हराउँदै सुदूरपश्चिम फाइनलमा



● टक नेपाल

विनोद भण्डारीको अर्धशतकीय पारीसँगै सुदूरपश्चिम रोयल्स नेपाल प्रिमियर लिग (एनपिएल) को फाइनलमा प्रवेश गरेको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा बुधबार भएको पहिलो क्वलिफायर खेलमा जनकपुर बोल्ट्सलाई आठ विकेटले हाउँदै सुदूरपश्चिमले फाइनलमा स्थान बनाएको हो । जितका लागि एक सय ४० रनको मध्यम लक्ष्य पछ्याएको सुदूरपश्चिमले १८.३ ओभरमा दुई विकेटको क्षतिमा एक सय ४१ रन जोड्दै लक्ष्य पूरा गरेको थियो । सुदूरपश्चिमका लागि ओपनर विनोद भण्डारीले अविजित अर्धसतकीय इनिङ्स खेले । उनले ५५ बलमा तीन चौका र तीन छक्काको सहयोगमा ५८ रन बनाएका हुँन । विनोद प्लेयर अफ दि म्याच घोषित भए । यस्तै सईफ जैवले ३२ रन बनाए । ब्रान्डन म्याकमुलेनले २५ र कप्तान दीपेन्द्रसिंह ऐरीले अविजित २० रन बनाए । बलिङमा जनकपुरका ललित राजवंशी र किशोर महतोले एक एक विकेट लिए । फाइनलमा सुदुरपश्चिमले शनिबार कर्णाली याक्स र जनकपुर बोल्ट्सको विजेतासँग खेल्नेछ । यसअघि बुधबारनै भएको एलिमिनेटर खेलमा कर्णालीले चितवन राइनोजलाई २१ रनले हराउँदै दोस्रो क्वालिफायरमा प्रवेश गरेको हो । दोस्रो क्वालिफायर को खेल बिहीबार हुनेछ । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ३९ रन बनाएको थियो । जनकपुरका लागि जेम्स निसमले सर्वाधिक ४५ रन बनाए । यस्तै शुभ कंशाकरले २६, ओपनर लाहिरु मिलान्था र हर्ष थाकरले १२/१२ र कप्तान आशिफ शेख र अरनिको यादवले ११/११ रन बनाए । बलिङमा सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले तीन विकेट लिनुभयो । सईफ जैवले दुई तथा स्कट कग्लेजिन र अविनाश बोहराले एक एक विकेट लिए । जारी प्रतियोगितामा लयमा देखिएको सुदूरपश्चिमले लिग चरणको सातमध्ये एउटा खेलमा मात्र पराजय भोगेको थियो । यस्तै लिग चरणको सुरुवाती खेलमा चमत्कारपूर्ण प्रदर्शन गरेको जनकपुरले लिगको सात खेलमा पाँच जित र दुई हारको नतिजा आत्मसात् गरेको थियो ।

निः शुल्क भाषा कक्षा
Japanese & Korean Language
Study in JAPAN
● Basic Language पढे पुग्ने ।
● 12 Pass गर्ने ले Apply गर्न मिल्ने ।
● Academic Gap ले फरक नपर्ने ।
● Working Visa को विशेष तयारी कक्षा ।
Korean Language
● EPS Based Preparation Class
● Skill Test Class
● UBT Based Preparation Class
● Weekly Daily UBT Test
● Special Class and Guarantee Pass
Tokyo/Nagoya/ Osaka/Shizuoka/ Okinawa/Fukuoka/ Nagasaki and others
Mahima Education Consultancy
Bardibas, Mahottari
9866996088, 9811016207

# चिसोमा पनि सर्पदंशका बिरामी

● टक नेपाल



सर्लाहीमा चिसोयाममा समेत सर्पदंशका बिरामी अस्पताल आउनेक्रम रोकिएको छैन् । प्रायः गर्मीयाममा मात्रै देखिने विषालु सर्प चिसोयाममा पनि देखा पर्न थालेका छन् । तापक्रम अत्यधिक हुँदा जमिन तातेर विषालु सर्प बाहिर धेरै निस्कने गर्छ । तर अहिले भने चिसोमा पनि विषालु सर्प देखा परेर मानिसलाई डस्नेक्रम जारी छ । नवलपुरस्थित सर्पदंश उपचार केन्द्रमा मङ्सिर महिनामा २५ जना सर्पदंशका बिरामीको उपचार गरिएको छ । सर्पले डसेर आएका १७ जना पुरुष, सात जना महिला र दुई जना बालबालिकाको उपचार गरिएको सर्पदंश उपचार केन्द्र इन्चार्ज जगर्नाथ यादवले जानकारी दिए । उनले चिसोयाम सुरु भइसक्दा पनि सर्पदंशका बिरामी उपचार गर्न आउनेक्रम नरोकिएको बताए । उपचार केन्द्रमा गर्मीयाममा दैनिक छ/सात जनासम्म सर्पदंशका बिरामी भर्ना हुने गरेको नवलपुर सर्पदंश उपचार केन्द्रले जनाएको छ । यस्तै चिसोयाममा समेत जिल्लाका स्थानीय लामखुट्टेको आतङ्कले हैरान छन् । गर्मीयाममा मात्रै सताउने लामखुट्टे यो वर्ष जाडोमा पनि असाध्य देखा परेको स्थानीयले बताएका छन् । चिसोमा समेत साँझ र रातको समयमा लामखुट्टे असाध्य लाग्ने गरेको स्थानीयको भनाई छ ।

# खोटाङमा कोदो, मकै र आलु उत्पादन घट्यो, धानको बढ्यो

● टक नेपाल



जिल्लामा यो वर्ष कोदो, मकै र आलुको उत्पादन घटेको छ । मौसम अनुकूल हुँदा उत्पादन घटेको कृषि ज्ञानकेन्द्र खोटाङका प्रमुख हरिनारायण राईले जानकारी दिए । उनका अनुसार यो वर्ष अघिल्लो वर्षको तुलनामा कोदो १५ सय ९९ मेट्रिकटन उत्पादन घटेको छ । गत वर्ष २३ हजार पाँच सय ९७ मेट्रिकटन उत्पादन भएकोमा यो वर्ष २१ हजार ८ सय ९७ मेट्रिकटन कोदो उत्पादन भएको राईले बताए । फुलेको बेला अत्यधिक वर्षाले कोदो उत्पादन घटेको राईले जनाए । जिल्लामा १३ हजार तीन सय ३२ हेक्टरमा कोदो खेती गरिन्छ । जिल्लामा खाद्यान्न रूपमा भन्दा पनि घरेलु रक्सी उत्पादनमा कोदोको बढी खपत हुने गरेको छ । त्यस्तै मकैको उत्पादनमा पनि कमी आएको छ । गत वर्षको तुलनामा यो वर्ष सात हजार एक सय मेट्रिकटन मकै उत्पादन घटेको राईले बताए । गत वर्ष ३९ हजार ९ सय १९ मेट्रिकटन मकै उत्पादन भएकोमा यो वर्ष ३२ हजार सात सय ३६ मेट्रिकटन उत्पादन भएको छ । खडेरी, वर्षा र हावाका कारण मकै उत्पादनमा कमी आएको राईले बताए । जिल्लामा २१ हजार ८ सय १४ हेक्टरमा मकै खेती गरिन्छ । हिउँदे आलुको उत्पादन पछि घटेको छ । गत वर्षको तुलनामा चार हजार दुई सय ६७ मेट्रिकटन कम उत्पादन भएको राईले सुनाए । गत वर्ष २३ हजार एक सय ३५ मेट्रिकटन आलु उत्पादन भएकोमा यो वर्ष १८ हजार ८ सय ६८ मात्र उत्पादन भएको छ । जिल्लामा २५ हजार ७० हेक्टरमा आलु खेती गरिन्छ । आलु उत्पादन घटे पछि मूल्य बढ्नुका साथै बिउसमेत अभाव भएको कृषि ज्ञानकेन्द्रले जनाएको छ । 'अनुकूल मौसम नहुँदा जिल्लामा मकै, कोदो र आलु उत्पादन घटेको छ,' राईले भने, 'उत्पादन घटेपछि मूल्य पनि बढ्ने देखिएको छ ।' यो वर्ष धानको उत्पादन चाहिँ बढेको राईले बताए । उनका अनुसार गत वर्षको तुलनामा यो वर्ष दुई हजार पाँच सय ३५ मेट्रिकटन बढी धान उत्पादन भएको छ । गत वर्ष २१ हजार एक सय ८८ मेट्रिकटन उत्पादन भएकोमा यो वर्ष २३ हजार सात सय २३ मेट्रिकटन धान उत्पादन भएको छ । जिल्लामा नौ हजार तीन सय ७७ हेक्टरमा धान खेती गरिन्छ । यो वर्ष ४० हेक्टरमा लगाइएको धानबालीमा बाढीले क्षति पुऱ्याए पनि उत्पादन भने नघटेको राईको भनाइ छ । 'यो बाढीले ४० हेक्टरमा लगाइएको धानबालीमा क्षति पुगे पनि धान उत्पादन बढ्यो,' राईले भने, 'धानका लागि चाहिँ यो वर्षको मौसम अनुकूलै देखियो ।' यो वर्ष किवीको उत्पादन पनि बढेको छ । पाँच सय ७३ हेक्टरमा लगाइएको किवीको गत वर्षको उत्पादन चार सय ९३ मेट्रिकटन उत्पादन भएकोमा यो वर्ष पाँच सय मेट्रिकटन उत्पादन भएको छ । किवीको बोट वयस्क हुँदै जानु, किवीप्रति किसानको आकर्षण बढ्दै जानु लगायतका कारण उत्पादन बढेको हो । 'यो वर्ष किवीको उत्पादन सात मेट्रिकटन बढेको छ,' राईले भने, 'अर्को वर्ष अझै बढ्ने अवस्था देखिन्छ ।'

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
☞ २४ सैं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ Endosocopy/Diode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 24/7 Ambulance सेवा


SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान संपादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com